निश्चय नै, कयामतको (प्रलयको) निशानीहरू मध्ये यो पनि हो कि; ज्ञान हराउनेछ, अज्ञानता बढ्नेछ, अनैतिकता र व्यभिचार धेरै फैलिनेछ, मद्यपान बढ्नेछ, पुरुषहरू कम हुनेछन् र महिलाहरूको संख्यामा वृद्धि हुनेछ, यतिसम्म कि ५० जना महिलाको एक पुरुष मात्र संरक्षक हुनेछ ।

अनस (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, उनले भने: म तिमीहरूलाई एउटा हदीस सुनाउनेछु जुन मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट सुनेको छु, जुन म बाहेक अरू कसैले तिमीहरूलाई सुनाउने छैन । मैले अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई भन्दै गरेको सुने : "निश्चय नै, कयामतको (प्रलयको) निशानीहरू मध्ये यो पनि हो कि;
ज्ञान हराउनेछ, अज्ञानता बढ्नेछ, अनैतिकता र व्यभिचार धेरै फैलिनेछ, मद्यपान बढ्नेछ, पुरुषहरू कम हुनेछन् र महिलाहरूको संख्यामा वृद्धि हुनेछ, यतिसम्म कि ५० जना
महिलाको एक पुरुष मात्र संरक्षक हुनेछ ।" [सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले बताउनुभएको छ कि, कयामत (प्रलय) नजिक आउँदै गरेको एउटा चिन्ह यो हो कि इस्लामिक ज्ञान (शरिया) हराउँदै जानेछ र यो धर्मविद्हरूको निधनले गर्दा हुनेछ । फलस्वरूप, अज्ञानता बढ्नेछ, व्यभिचार र अनैतिकता जताततै फैलिनेछ, मदिरा सेवनको चलन बढ्नेछ, पुरुषहरूको संख्या घट्दै जानेछ र महिलाहरूको संख्या यति बढ्नेछ कि पचास महिलाहरूको हेरचाह गर्न र तिनीहरूको आवश्यकताहरू पूरा गर्न केवल एक पुरुष मात्र हुनेछ।

https://sunnah.global/hadeeth/ne/show/65021